प्रस्ताव, छलफल र निर्णयहरु:

**१**

एजेण्डा: भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन कार्यको आवश्यक तयारी सम्बन्धमा

विषयवस्तु: भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न आवश्यक कार्य अगाडी बढाउने सन्दर्भमा यस गाउँपालिका र नेपाल सरकार, भूमि सम्बन्धी समस्या समाधान आयोग-काठमाडौं बीच मिति २०७७।०८।२७ मा समझदारी सम्झौता (MOU) भएको, समझदारी सम्झौता बमोजिम गाउँपालिकाले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणीकरण गर्ने, सो को लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने जस्ता कार्यहरु तोकिएको सम्बन्धमा सो को लागि आवश्यक तयारी गर्न आवश्यक रहेको,

छलफल:

नेपाल सरकार, भूमि सम्बन्धी समस्या समाधान आयोग र यस गाउँपालिका बीच भएको समझदारी सम्झौता र सम्झौता बमोजिम गाउँपालिकाले गर्नुपर्ने कार्यहरुबारे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री पिताम्बर सारु र गाउँपालिका अध्यक्ष श्री प्रेम बहादुर घलेज्यूबाट कार्यपालिका बैठकमा जानकारी भयो । साथै आगामी कार्ययोजनाबारे सामान्य छलफल भयो ।

**२**

एजेण्डा: आधारभूत अस्पताल निर्माणको लागि डीपीआर र माटो परीक्षण गर्न परामर्शदाता छनौट सम्बन्धमा

विषयवस्तु: नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७।०७।२५, च.नं.२९६ बाट यस गाउँपालिकाको शाल्मेभन्ज्याङ स्वास्थ्य चौकीलाई १५ बेडको अस्पतालमा स्तरोन्नती गर्नको लागि बजेट विनियोजन भएको जानकारी प्राप्त भएको साथै सोही पत्रबाट अस्पताल निर्माणको आवश्यक प्रक्रियाहरु पुरा गर्न निर्देशन भएको,

निर्णय:

यस गाउँपालिका वडा नं. ९ गिलुङ्गको शाल्मेभञ्ज्याङ्ग स्वास्थ्य चौकीलाई १५ बेडको अस्पतालमा स्तरोन्नती गर्नका लागि नेपाल सरकारबाट बजेट निकासा समेत भइसकेको सन्दर्भमा अस्पतालको डीजाइन, ड्रइङ्ग, लागत स्टमेट तथा माटो परीक्षण समेत गर्न आवश्यक रहेकोले सार्वजनिक खरिद ऐन नियमावली बमोजिम सो कार्य यथाशिघ्र अगाडी बढाउने निर्णय गरियो ।

**३**

एजेण्डा: संघ, प्रदेश सरकार तथा जिल्ला समन्वय समिति मौज्दात कोषबाट प्राप्त योजनाहरुको कार्यान्वयन सम्बन्धमा

विषयवस्तु: चालु आर्थिक वर्ष २०७७।०७८ को प्रथम चौमासीक अवधि समाप्त भइसकेको सन्दर्भमा यस आ.व.का लागि संघीय तथा प्रादेशिक सरकारहरु र जिल्ला समन्वय समितिको मौज्दात कोषबाट यस गाउँपालिकालाई प्राप्त समपुरक तथा विशेष अनुदानका कार्यक्रमहरुको लागि कार्यान्वयन विधि छनौट गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक भइसकेको,

निर्णय:

संघ तथा प्रदेश सरकार र जिल्ला समन्वय समितिको मौज्दात कोषबाट प्राप्त तपसिलका योजनाहरुलाई तपसिल बमोजिम कार्यान्वयन गर्ने गरी विधि छनौट गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजना तथा कार्यक्रम | रकम रु. | कार्यान्वयन विधि |
|---|---|---|---|
| १ | भुजुङ्ग बर्थिङ्ग सेन्टर भवन निर्माण (संघीय विशेष अनुदान) | ६० लाख | उपभोक्ता समिति |
| २ | शाल्मे-कुम्लुङ्ग मोटरबाटो स्तरोन्नती (प्रदेश समपुरक अनुदान) | ५० लाख+५० लाख | उपभोक्ता समिति |
| ३ | होमस्टे भएका गाउँमा सोलार बत्ती जडान कार्यक्रम (प्रदेश समपुरक अनुदान) | ५० लाख | बोलपत्र आह्वान |
| ३ | ४ नं. वडा कार्यालय भवन निर्माण (जिसस कोष) | ७७ लाख | उपभोक्ता समिति |
| ४ | ७ नं. वडा कार्यालय भवन निर्माण (जिसस कोष) | ४९ लाख | उपभोक्ता समिति |

४

एजेण्डा: विद्यालय पठन पाठन व्यवस्थापन सम्बन्धमा

विषयवस्तु: कोभिड १९ रोगको कारण लामो समयदेखी विद्यालयहरु नियमित रुपमा सञ्चालन गर्न नसकिएको र हाल विद्यालयहरु सञ्चालनमा आए तापनि पठनपाठन कार्य पाठ्यक्रम लक्ष्यभन्दा पछाडी नै रहेको साथै महामारी जोखिम यथावत नै रहेको सन्दर्भमा विद्यालयहरुको पठनपाठन व्यवस्थापन जरुरी भएको,

निर्णय:

विद्यालयहरुको सञ्चालन तथा व्यवस्थापनमा वडा समितिले नियमित अनुगमन तथा निरीक्षण गर्ने साथै विद्यालयहरुको पठन पाठन यथावत राख्नको लागि गाउँपालिकाले स्वास्थ्य सामग्रीहरु वितरण गर्ने निर्णय गरियो ।

५

एजेण्डा: लघु उद्यम विकास समिति गठन सम्बन्धमा

विषयवस्तु: चालु आर्थिक वर्ष २०७७।०७८ बाट स्थानीय तहहरुबाट नै लघु उद्यम विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने नेपाल सरकारको निर्णय बमोजिम यस गाउँपालिकालाई प्राप्त लघु उद्यम विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनार्थ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा ५२ बमोजिम एक लघु उद्यम समिति गठन गर्न आवश्यक भएको,

निर्णय:

तपसिल बमोजिमको गाउँपालिका स्तरिय उद्यम विकास समिति गठन गर्ने निर्णय गरियो ।

| क्र.सं. | पद | नामथर | समितिको पद |
|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | श्री प्रेम बहादुर घले | संयोजक |
| २ | आर्थिक विकास समिति संयोजक | श्री बुद्धि प्रसाद गुरुङ्ग | सदस्य |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पिताम्बर सारु | सदस्य |
| ४ | कार्यक्रम लागु भएको वडाको महिला सदस्य | संयोजकले पछी तोक्ने | सदस्य |
| ५ | महिला उद्यमी प्रतिनिधि | संयोजकले पछी तोक्ने | सदस्य |
| ६ | वित्तीय संस्था, सहकारी वा उद्योग व्यावसायी मध्येबाट | संयोजकले पछी तोक्ने | सदस्य |
| ७ | MEDPA फोकल पर्सन (प्रशासन सहायक पाँचौ) | श्री जस बहादुर राई | सदस्य सचिव |

६

एजेण्डा: आवधिक योजना निर्माणका लागि समिति गठन सम्बन्धमा

विषयवस्तु: स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ ले प्रत्येक स्थानीय तहको आवधिक योजना निर्माण हुनुपर्ने व्यवस्था गरेको छ । आवधिक योजनाकै आधारमा मध्यमकालीन खर्च संरचना वार्षिक नीति तथा कार्यक्रम समेत बनाउनुपर्ने व्यवस्थालाई मध्येनजर गर्दै गाउँपालिकाले आवधिक योजना निर्माणको लागि आवश्यक प्रक्रिया सुरु गरेकोले आवधिक योजना निर्माण कार्यलाई व्यवस्थित र मार्गदर्शन गर्न एक समिति गठन गर्न आवश्यक भएको,

निर्णय:

यस गाउँपालिकाको पाँच वर्षिय आवधिक योजना निर्माण कार्यलाई व्यवस्थित र मार्गदर्शन गर्न तपसिल बमोजिमको एक समिति निर्माण गर्ने निर्णय गरियो ।

| क्र.सं. | पद | नामथर | समितिको पद |
|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | श्री प्रेम बहादुर घले | संयोजक |
| २ | गाउँपालिका उपाध्यक्ष | श्री कुमारी मुनी गुरुङ्ग | सदस्य |
| ३ | संयोजक, पूर्वाधार विकास समिति | श्री पेमा गुरुङ्ग | सदस्य |
| ४ | संयोजक, आर्थिक विकास समिति | श्री बुद्धि प्रसाद गुरुङ्ग | सदस्य |
| ५ | संयोजक, सामाजिक विकास समिति | श्री राजु गुरुङ्ग | सदस्य |
| ६ | प्रमुख प्रशासकीय अधिकृत | श्री पिताम्बर सारु | सदस्य |
| ७ | पूर्वाधार विकास शाखा प्रमुख | ई.श्री राजेश नेपाल | सदस्य |

| | |
|---|---|
| ७ | <u>एजेण्डा: बेरोजगार व्यक्तिहरुको सूची सम्बन्धमा</u><br><u>विषयवस्तु:</u> चालु आर्थिक वर्ष २०७७।०७८ का लागि बेरोजगार व्यक्तिको रुपमा सूचीकृत हुनको लागि आह्वान गरिए बमोजिम सबै वडा कार्यालयहरुबाट बेरोजगार व्यक्तिहरुको विवरण प्राप्त भएको, जसलाई रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ नियम ७(५) बमोजिम सूचीकृत गर्न आवश्यक भएको,<br><u>निर्णय:</u><br>प्राप्त निवेदनहरु तथा बेरोजगार EMIS मा प्रविष्ट विवरण रोजगार शाखाका प्राविधिक सहायक श्री करुण विक्रम महतबाट प्रस्तुतीकरण भयो सो सम्बन्धमा बेरोजगारहरुको सूची अर्को कार्यपालिका बैठकबाट टुङ्ग्याउने निर्णय गरियो । |
| ८ | <u>एजेण्डा: स्वास्थ्य कार्यक्रम अपुग रकम सम्बन्धमा</u><br><u>विषयवस्तु:</u> अत्यावश्यक रहेको विशेष खोप माइक्रो प्लानीङ्ग कार्यक्रमको लागि संघीय तथा प्रादेशिक बजेट तथा कार्यक्रमबाट रकम विनियोजन नभएको सन्दर्भमा सो कार्यक्रमका लागि गाउँपालिकाबाट बजेट विनियोजन गर्न आवश्यक देखिएको,<br><u>निर्णय:</u><br>स्वास्थ्य तर्फ खोप माइक्रोप्लानिङ्ग कार्यक्रमको लागि आवश्यक देखिएको रु.१ लाख गाउँपालिका कार्यक्रम खर्चबाट उपलब्ध गराउने निर्णय गरियो । |
| ९ | <u>एजेण्डा: विद्युत पोल वितरण सम्बन्धमा</u><br><u>विषयवस्तु:</u> गण्डकी प्रदेश सरकारको उज्यालो प्रदेश कार्यक्रम अन्तरगत यस गाउँपालिकालाई गत आर्थिक वर्ष २०७६।०७७ मा प्राप्त १०० विद्युत पोलहरु (८ मि.) मध्ये स्टोरमा बाँकी रहेका ८६ विद्युत पोलहरु आवश्यक भएका ठाउँहरुमा वितरण/प्रयोग गर्न आवश्यक भएको,<br><u>निर्णय:</u><br>सो सम्बन्धमा छलफल हुँदा प्रत्येक वडाहरुले आ-आफ्नो आवश्यकता निक्यौंल गरी गाउँपालिका समक्ष माग पेश गर्ने र गाउँपालिकाबाट आवश्यकताका आधारमा वितरण गर्ने निर्णय गरियो । |
| १० | <u>एजेण्डा: आधारभूत अस्पतालको लागि आवश्यक चिकित्सक पुन: विज्ञापन सम्बन्धमा</u><br><u>विषयवस्तु:</u> गाउँपालिकामा स्थापना गरिएको कोभिड विशेष अस्पतालको लागि मिति २०७७।०६।२० मा एम बि बि एस चिकित्सकको लागि दरखास्त आह्वान गरिएकोमा निर्धारित समयसीमा भित्र कुनैपनि दरखास्त नपरेकोले सो पदको लागि पुन: दरखास्त आह्वान गर्न आवश्यक भएको,<br><u>निर्णय:</u><br>सो पदको लागि नियमानुसार पुन: दरखास्त आह्वान गर्ने निर्णय गरियो । |
| ११ | <u>एजेण्डा: सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना समन्वय समिति गठन सम्बन्धमा</u><br><u>विषयवस्तु:</u> विश्व बैंकको आर्थिक सहयोगमा सञ्चालित समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तरगत यस गाउँपालिकामा समेत सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सेवा इकाई मार्फत घटना दर्ता सुदृढीकरण कार्य अगाडी बढीरहेको सन्दर्भमा गाउँपालिकास्तरमा आयोजना सञ्चालनमा सहजीकरण गर्न समन्वय समिति गठन गर्न आवश्यक रहेको,<br><u>निर्णय:</u><br>सो सम्बन्धमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोस्रो संशोधन, २०७६) को बुँदा ३.४ क बमोजिम तपसिल बमोजिमको समन्वय समिति गठन गर्ने निर्णय गरियो । |

क्व्होलासोथार गाउँपालिकाको कार्यालय
गाउँ कार्यपालिकाको कार्यालय, लमजुङ
मालिङ, गण्डकी प्रदेश, नेपाल
२०७३

तपसिल

| क्र.सं. | पद | नामथर | समितिको पद |
|---|---|---|---|
| १ | गाउँपालिका उपाध्यक्ष | श्री कुमारी मुनी गुरुङ्ग | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत | श्री पिताम्बर सारु | सदस्य |
| ३ | वडाध्यक्ष | श्री बुद्धि प्रसाद गुरुङ्ग | सदस्य |
| ४ | शिक्षा शाखा प्रमुख/प्रतिनिधि | श्री दिपकराज पौडेल | सदस्य |
| ५ | पञ्जीकरण शाखा हेर्ने शाखा प्रमुख | श्री सरिता पौडेल | सदस्य सचिव |